बालबालिकाका लागि बाइबल

को प्रस्तुती

# प्रिय छोरो दास भएका



लेखन: Edward Hughes
चित्र: Byron Unger; Lazarus; Alastair P.
संयोजन: M. Kerr; Sarah S.
अनुवाद: Mrs. Trifaina Subba
प्रकाशक: Bible for Children
www.M1914.org

BFC
PO Box 3
Winnipeg, MB R3C 2G1
Canada

©2020 Bible for Children, Inc.
अनुमतिपत्र: यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन।

इसहाक साह्रै खुषी थिए तिनको छोरो याकुब घरमा थिए। उनको दाजू एसावले तिनलाई मार्नको लागि स्वागत गरेका थिए। तर याकूबका छोराहरू खुषी थिएनन् कारण यूसुफ, तिनीहरूका सानो भाइ बाबुको अति प्रिय छोरा थिए।



जब तिनीहरूलाई यूसुफले आफ्नो सपना बताए तब दाजूहरू अझै रीसले चूर भए। “औ मेरो बिटा चाहिँ उठेर ठाड़ो खड़ा भयो, र तपाईंहरूका बिटाहरू त्यसका चारैतिर जम्मा भएर मेरो बिटालाई दण्डवत् गरे” भनी यूसुफले बताइदिए। यो सपनाले यो बताउँछ कि तिनीहरूको दाजूहरूभन्दा तिनी अझै मुख्य थिए।



यूसुफले दोस्रो सपना देखे, सूर्य, चन्द्र र एघारवटा ताराले मलाई दण्डवत् गरिरहेका थिए। तिनको बाबु याकूबले पनि तिनीसँग रिसाए किनकि तिनले अभिभावक अनि दाजूहरूभन्दा तिनी आफैंलाई माथि राखे।



एकदिन याकूबले तिनीहरूको दाजूहरूले भेड़ा चराइरहेको ठाउँमा यूसुफलाई पठाए तर तिनको दाजूहरूले तिनलाई आइरहेका देखे। तिनीहरूले आपसमा भने, “त्यो स्वप्न-दर्शी आउँदैछ।” यूसुफलाई थाह थिएन कि अघि खतरा छ भनेर।



रूबेन तिनको जेठो दाजू तिनीहरूसंग मंजूर गरेनन् अनि भने, ‘‘रक्तपात चाहिँ नगरौं, यहाँ एउटा खाल्डा छ त्यसलाई त्यसमा फालिदिऔं।’’ तिनीहरूका हातबाट बचाएर यूसुफलाई आफ्ना बाबुकहाँ पुÚयाइदिने हेतुले तिनले यसो भनेका थिए।



जब यूसुफ आफ्ना दाजूहरूकहाँ आइपुगे तब तिनले लाएका बाहुलासमेतको त्यौं लामो लबेदा तिनीहरूले खोसे। औ तिनीहरूले तिनलाई समातेर एउटा गहीरो खाल्डामा फालिदिए।



जब रूबेन त्यहाँ थिएनन्, तब ऊँटहरूमा आइरहेका एक इष्माएली यात्री दललाई देखे अनि यहूदाले तिनीहरूलाई भने, “आऊ, त्यसलाई इष्माएलीहरूका हातमा बेचिदिऔं। तब त्यो कुरामा सबै राजी भए।





तिनीहरूले यूसुफलाई बीस चाँदीका टुक्राहरूमा बेचिदिए।

आँसुदायक अनि डरलाग्दो, असाहयक यूसुफले तिनीहरूले ऊँटमा तिनलाई परिवार अनि घरबाट टाड़ो लगिरहेका थिए।





“यो यूसुफको लबेदा होइन? खुन लागेको रहेछ यसलाई हामीले मरूभूमिमा भेट्टायौं। जंगली पषुहरूले तिनलाई माÚयो भनी तिनीहरूले भने अनि याकूबले तिनीहरूको विष्वास गरे। याकूबले आफ्नो लुगा च्याते र तिनले षोक गरे। कसैले उनलाई सान्त्वना दिनसकेनन्।



मिश्रमा, यूसुफ डराएको
अनि एकलो थिए।
हुनसक्छ, तिनी घरको
चाहना गरेका थिए तर उनी
त्यहाँबाट जान सकेनन्।
मिश्रमा फिरऊनको एक
अफिसरको घरमा दास
भए। पोतीफरले यूफुफलाई
काम गरिरहेका देखे अनि
तिनीमाथि विष्वास गरे।

“तिमीले गरेका सबै असल भए, परमप्रभु तिम्रो साथमा हुनुहुन्छ। औ म तिमीलाई दासहरूको मुख्य अफिसर बनाउनेछु अनि मेरा सबै काम-काजमा साथै दासहरूको म अधिकारी बनाउनेछु” भनी पोतीफरले यूसुफलाई भने।



परमप्रभुले पोतीफरलाई
यूसुफको कारणले धनी
अनि असल अन्नहरू दिए।
मुख्य मानिस यूसुफले
परमप्रभुलाई विष्वासयोग्य
भई सेवा पुर्याउँथे अनि
उहाँमा भरोसा गर्थे। तर
समस्या यूसुफकहाँ आयो।



पोतीफरको स्वास्नी दुश्ट थिइन्। तिनले यूसुफलाई उनको पतिको ठाउँ लिन भनिन् तर यूसुफले अस्वीकार गरे। पोतिफरलाई गलत गरेर परमप्रभुको विरूद्धमा पाप गरेनन्। जब तिनले यूसुफलाई जबरजस्ती गर्न लागिन् तब तिनी भागे। तर तिनले यूसुफको लबेदा पक्रे।



“तपाईंको दासले मसित सुत्नलाई यहाँभित्र आयो। हेर्नुहोस् तिनको लबेदा” भनी पोतीफरको स्वास्नीले पोतीफरलाई भनिन्। तब पोतीफर रिसाए। हुनसक्छ, तिनलाई थाह थियो कि तिनको स्वास्नीले तिनलाई झूट बालिरहेका छन् तर तिनले केही गरिरहेका थिए। तिनले के गरे?



पोतीफरले यूसुफलाई झ्यालखानमा हालिदिए। यद्‌यपि तिनी निर्दोश थिए, यूसुफमा तीतोपना अथवा रीस थिएन्। उनी जहाँ भएता पनि उनले कश्टबाट केही कुरा सिकिरहेका थिए। यदि उनले परमप्रभुलाई आदर गÚयो भने परमप्रभुले उनलाई आदर गर्नेछ-झ्यालखानमा पनि।



# प्रिय छोरो दास भएका

**परमेश्वरको वचन बाइबलबाट लिइएको कथा**

**जुन**

## उत्पति 37, उत्पति 39

**“तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ।”**

**भजनसंग्रह ११९:१३०**

# समाप्त

बाइबलको यो कथाले हाम्रा अद्भूत परमेश्वरको बारेमा बताउँदछ जसले हामीलाई बनाउनुभयो। तिमीले उहाँलाई चिन भन्ने उहाँ चाहनुहुन्छ।

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ। पापको सजाय मृत्यु हो, तर परमेश्वरले तिमीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि तिम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो। त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्गको आफ्नो घरमा जानुभयो १ यदि तिमीले प्रभु येशूमा विश्वास गर्‍यौ र तिम्रा पापहरू क्षमा गरिदिन उहाँसँग बिन्ती गर्‍यौ भने उहाँले तिमीलाई क्षमा गर्नुहुनेछ १ अनि उहाँ तिमीभित्र आएर वास गर्नुहुन्छ र तिमी सधैंभरि उहाँसँगै बस्नेछौ।

यदि तिमी यो कुरा साँचो हो भनी विश्वास गर्छौ भने परमेश्वरलाई यसो भनः
प्यारो प्रभु येशू, तपाईं परमेश्वर हुनुहुन्छ, मेरा पापहरूको निम्ति मर्न तपाईं मानिस बन्नुभयो र अहिले फेरि जीवित हुनुभएको छ भनी म विश्वास गर्दछु। कृपा गरी मेरो जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ। तपाईंको आज्ञा पालन गर्न र तपाईंको सन्तान भएर तपाईंको निम्ति जिउन मलाई सहायता गर्नुहोस्। आमेन।

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर १ यूहन्ना ३:१६